**जातीय समानताको बढावाको निम्ति**
**विधमान तथा योजनाबद्ध उपायहरू**

**रेडियो टेलिभिजन हङकङ**

रेडियो टेलिभिजन हङकङ (RTHK) हङकङको सार्वजनिक सेवा प्रसारक हो जसले रेडियो, टेलिभिजन (TV) र नयाँ सञ्चार सेवाहरू प्रदान गर्दछ।

सम्बन्धित सेवाहरू

- RTHK ले आफ्नो रेडियो प्रसारण समयको एक भाग समुदाय, गैर-सरकारी संस्थाहरू र विपन्न वर्गलाई सामुदायिक संलग्नता प्रसारण सेवा (CIBS) को प्रावधान मार्फत प्रसारणमा सहभागी हुन मञ्च प्रदान गर्न समर्पित छ।

विधमान उपायहरू

- CIBS अन्तर्गत, योग्य व्यक्ति र संस्थाहरू, विविध जातिका मानिसहरू लगायतले , RTHK मा प्रसारण हुने रेडियो कार्यक्रमहरू उत्पादन गर्न आवेदन दिन सक्छन्।
- RTHK ले सफल आवेदनहरूलाई CIBS अन्तर्गत कार्यक्रमहरू उत्पादन गर्न कोष प्रदान गर्दछ।
- CIBS ले हाल प्रति हप्ता 17 घण्टा नयाँ कार्यक्रमहरू उत्पादन गर्दछ। ती मध्ये, कम्तिमा 5 घण्टा विशेष गरी अल्पसंख्यक जातीयहरूको विषयवस्तुमा केन्द्रित छन्। अहिलेसम्म प्रसारित कार्यक्रमहरुमा क्यान्टोनिज, पुटोङ्वा, अंग्रेजी, अफ्रिकी, अरबी, हाक्का, हिन्दी, जापानी, कर्नाटका, कोरियाली, नेपाली, पञ्जाबी, संस्कृत, स्पेनिश, तागालोग, तामिल, तेलगु, थाई र उर्दू भाषाहरू समावेश छन्।

भावी कार्यको मूल्यांकन

- RTHK ले CIBS कार्यक्रमहरू बारे सर्वसाधारणहरुमा जागरूकता ल्याउन र उनीहरुको सहभागितालाई सहज बनाउन CIBS लाई प्रवर्द्धन गर्न जारी राख्नेछ। प्रचारात्मक प्रयासहरूमा अल्पसंख्यक जातीयहरूका समाचार पत्र र पत्रिकाहरू, सामाजिक सञ्जाल प्लेटफर्महरू, रेडियो र टिभी ट्रेलरहरूमा विविध जातीय मानिसहरूलाई लक्षित गर्ने विज्ञापनलाई समावेश गरिएको छ। साथै, RTHK ले CIBS उत्पादकहरू र प्रतिभाहरूलाई विभिन्न प्रवर्द्धनात्मक गतिविधिहरूमा सहभागी हुन आमन्त्रित गर्न जारी राख्नेछ, जसमा विविध जातिका मानिसहरू पनि समावेश छन्; र CIBS अन्तर्गत कार्यक्रमहरूमा आवेदन दिने वा उत्पादन गर्नेहरूलाई, व्यावसायिक उत्पादकहरूद्वारा विभिन्न कार्यक्रमहरू उत्पादन गर्न प्रशिक्षण कार्यशालाहरू प्रदान गर्न सहयोग प्रदान गर्नेछ।

| | |
|---|---|
| अपनाएका /अपनाउनु पर्ने थप उपायहरू | ● CIBS वेबसाइटमा आठ अल्पसंख्यक जातीय भाषाहरू प्रदान गर्न परिष्कृत गरिएको छ । सर्वसाधारणले सान्दर्भिक जानकारी सजिलैसँग पहुँच गर्न सकून् र CIBS अनुप्रयोगहरू र कार्यक्रमहरूमा प्रतिक्रिया दिन सकून् भनि RTHK ले CIBS वेबसाइटलाई अद्यावधिक र सुधार गर्नेछ ।<br><br>● RTHK का सहकर्मीहरूलाई जातीय समानताबारे जागरूकता र संवेदनशीलता बढाउन तालिममा भाग लिने व्यवस्था मिलाइनेछ । |

जातीय समानताको बढावाको निम्ति विधमान तथा योजनाबद्ध उपायहरूबारे सोधपुछ गर्न, निम्न माध्यमहरू मार्फत सम्पर्क गर्नुहोस् -


| | | |
|---|---|---|
| नाम | : | क्वोक विङ-फाई (KWOK Wing-fai) |
| पद | : | वरिष्ठ कार्यकारी अधिकारी (जनरल) Senior Executive Officer (General) |
| टेलिफोन नं | : | 2339 6302 |
| फ्याक्स नम्बर | : | 2338 0279 |
| ईमेल: | : | kwokwf@rthk.gov.hk |
| पत्राचार ठेगाना | : | 30 Broadcast Drive, Kowloon, Hong Kong |


**रेडियो टेलिभिजन हङकङ**
**मे 2026**